# पैयूँ गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड : ६ संख्याः ६ मितिः २०८०/१२/१८

## भाग-२

**प्रस्तावनाः**

महिला सशक्तिकरणका निम्ति यस पैयूँ गाउँपालिकाको क्षेत्रभित्र स्थायी वसोवास गर्ने महिलाहरुलाई संगठित गरी उनीहरुको सामाजिक/आर्थिक अवस्थामा सुधार ल्याउनुका साथै नेतृत्व विकासमा सवल र सक्षम वनाई विकासको मूलधारमा समाहित गर्न वाञ्छनीय भएकाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी पैयूँ गाउँपलिकाले आमा समुह गठन तथा परिचालन कार्यविधि, २०८० पारित गरिएको छ । (कार्यपालिकाबाट पारित मिति २०८०।१२।१६ गते)

### परिच्छेद १

**१. संक्षिप्त नाम र प्रारम्भः**

१) यस कार्यविधिको नाम आमा समुह गठन तथा परिचालन कार्यविधि २०८० हुनेछ ।

२) यो कार्यविधि राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ ।

२.परिभाषाः विषय वा प्रसङ्गले फरक अर्थ नलागेमा यस कार्यविधिमा

क) "आमा समुह " भन्नाले न्यून आय भएका विपन्न वर्ग समुदायका महिलाहरु मिल्दा जुल्दा उद्देश्य, समस्या, आवश्यकता र चाहनाहरु भएका न्यूनतम २० जना भन्दा बढी महिलाहरु मिलि आफ्ना निश्चित साझा उदेश्यहरु सामुहिक प्रयत्नद्वारा प्राप्त गर्न बनाइएको संगठनलाई सम्झनु पर्दछ

ख)"विधान" भन्नाले समूहको उद्देश्य प्राप्तिका लागि क्रियाकलाप संचालन गर्न बनाईएको नीति नियम तथा कानुनको दस्तावेज जसले समूह/समिति र सदस्यहरुलाई उद्देश्य प्राप्तिमा सहज गराउने दस्तावेजलाई जनाउँदछ ।

ग) "हितकोष" भन्नाले कुनै पनि संघ संस्था, कार्यालय, योजना, परियोजना संचालन गर्न नगद, जिन्सी तथा भौतिक सरसामान नगद मौज्दातलाई जनाउदछ र यो शब्दले ऋण लगानी, लगानीको रुपमा रहेका समुह नगद पुँजी लाई समेत जनाउँद छ ।

घ) "हितकोष परिचालन" भन्नाले संकलित हितकोषलाई उत्पादनमूलक कार्यमा लगानी गर्नु भन्नेबुझिन्छ

ङ) "कार्य समिति" भन्नाले कार्यविधि अनुसार सर्वसम्मत वा निर्वाचित पदाधिकारीहरु (अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष तथा सदस्यलाई जनाउनेछ ।

ड) "साधारण सभा" भन्नाले यस कार्यविधि बमोजिम गठित सभालाई जनाउने छ

च) दर्ता गर्ने अधिकारीः समुह दर्ता गर्नको लागी गाउँपालिकाले तोकेको कर्मचारीलाई वुझ्नुपर्दछ ।

## भाग २
## समुह गठन तथा परिचालन

**३. समुह गठन तथा परिचालनः** (१) समुह गठन गर्दा कम्तीमा २० जना आमाहरु सदस्य रहेको हुनुपर्ने छ

२) उपदफा (१) वमोजिम समुह गठन गर्दा एकै परिवारको एकजना भन्दा वढी व्यक्ति एउटै समुहमा सदस्य वस्न पाउने छैन । तर समुह दर्ता भइसकेपछि एकै परिवारका एक भन्दा वढी सदस्यले समुहको सदस्यता लिन वाधा पर्ने छैन ।

**४. समुह दर्ताको लागी निवेदन दिनुपर्नेः**

(१) दफा ३ वमोजिम गठित समुहले समुह दर्ताको लागी दर्ता गर्ने अधिकारी समक्ष अनुसुचि १ को ढाँचामा निवेदन दिनुपर्नेछ ।

२) उपदफा १ वमोजिम निवेदन दिँदा निवेदन साथ देहायका कागजात समेत संलग्न गर्नुपर्नेछ ।

क) समुहको विधान ।

ख) समुह गठन र दर्ता सम्वन्धम समुहले आफ्नो माइन्युटमा गरेको निर्णयको प्रतिलिपि ।

ग) समुहका सबै पदाधिकारी र सदस्यहरुको नागरिकताको फोटो कपि ।

घ) कार्य समितिको एक एक कपी फोटो ।

ङ) सम्वन्धित वडाको सिफारिस ।

च) गाउँपालिका कार्यालयमा राजश्व दाखिला गरेको रसिद ।

**५.समुह दर्ता तथा नविकरण गर्नु पर्नेः**

१. दफा ४ वमोजिम प्राप्त निवेदन सहितका कागजातहरु देहाय वमोजिम भएको पाइएमा दर्ता गर्ने । अधिकारीले निवेदन प्राप्त भएको वढीमा ७ दिनभित्र दर्ता गरी अनुसूची २ वमोजिमको ढाँचामा प्रमाण पत्र दिनुपर्नेछ ।

क) निवेदनसाथ पेश गरेको विधान यस कार्यविधि अनुसार भएको

ख) समुहको उद्देश्य सामुहिक भावनामा आधारित भएको

२.समुहले पेश गरेको विधान यस कार्यविधि अनुरुप नभएमा वा सामुहिक भावनामा आधारित नभएमा दर्ता गर्ने अधिकारीले संशोधन गर्नुपर्ने विषयसहितको सूचना निवेदन प्राप्त भएको १० दिनभित्र निवेदकलाई दिनुपर्नेछ ।

३.दर्ता भएका समुहले प्रत्यक वर्ष नविकरणका लागि साधारण सभएको प्रमाण कागज सहित आर्थिक ऐनमा ब्यवस्था भए वमोजमको राजश्व दाखिला गरी दर्ता गर्ने अधिकारी समक्ष निवेदन पेश गर्नु पर्ने छ।पेश भएको निवेदन माथि छानविन गरी उचित लागेमा दर्ता गर्ने अधिकारीले नविकरण गर्नु पर्नेछ ।

**६. दर्ता गर्न अस्वीकार गर्नसक्नेः** यस कार्यविधि विपरीत समूह दर्ताको लागी परको निवेदनलाई दर्ता गर्ने अधिकारीले अस्वीकार गर्न सक्नेछ ।

**७. विधान वनाउनुपर्नेः** समुहले यो कार्यविधिको अधिनमा रहि आफ्नो कार्यसञ्चालनको लागी विधान वनाउनु पर्नेछ ।

## भाग ३
## समुहको उद्देश्य तथा कार्य

**८. समुहको उद्देश्यः** हरेक विषयगत समुहका सदस्यहरुको आर्थिक,सामाजिक र सांस्कृतिक विकास गर्ने किसिमको हुनुपर्नेछ ।

**९. समुहको कार्यः** प्रत्येक समुहका कार्यहरु निम्न हुनेछन्।

क) सामूहिक भावनावाट सञ्चालित हुने

(ख) सदस्यहरुको हित प्रवद्र्धन गर्ने

ग) समूहभित्र आन्तरिक लोकतन्त्रको अभ्यास गर्ने

घ) सदस्यहरुको नेतृत्व क्षमता विकास गर्ने

ङ) विधानमा उल्लेखित कार्य गर्ने

## भाग ४
## विविध

**१०. कोष सञ्चालन गर्न सक्नेः** (१) विषयगत समुहले आफ्ना सदस्यहरुको हित प्रवद्र्धनको लागी कोषको सञ्चालन तथा व्यवस्थापन गर्न सक्नेछन्।

(२) समुहको कोषमा देहायको रकम रहनेछ

क) समुहका सदस्यहरुले नियमित रुपमा गरेको वचत

ख) समुहलाई केन्द सरकार,प्रदेश सरकार,स्थानीय सरकार तथा प्रचलित कानुन वमोजिम अन्य निकायवाट प्राप्त रकम

३. कोषको सञ्चालन र व्यवस्थापन समुहको विधान अनुरुप हुनेछ ।

**११. अनुगमन तथा नियमनः** समुहको अनुगमन तथा नियमन गाउँपालिका र वडा कार्यालयवाट हुनेछ ।

**१२. खारेजी र वचाउः** यस अघि अधिकार प्राप्त निकायवाट दर्ता भएका समुहहरु यसै कार्यविधि वमोजिम दर्ता भएको मानिनेछ ।

## अनुसूची - १
## दफा ४ को उपदफा (१) सँग सम्वन्धित
## समुह दर्ताको लागी दिइने निवेदनको ढाँचा

श्रीमन प्रमुख प्रशासकीय अधिकृतज्यू,
पैयूँ गाउँ कार्यपालिकाको कार्यालय,
हुवास, पर्वत

विषयः ........................ समुह दर्ता गरिपाउँ ।

श्री .................................. को सहयोगमा हामी आफै ............................ समुहमा आवद्ध भई पैयूँ गाउँपालिका ..................... वडामा गठन गरेको हाम्रो ............................ समुह दर्ता गरिपाउँ भनी निम्न विवरण सहित यो निवेदन गरेका छौं ।

समुहको विवरणः
समुहको नामः ........................... गठन मिति ...........................
वडा नं ..................... टोलः ............
समुहको उद्देश्यः
१. ..........................................................................................
२. ...........................................................................................
३. ...........................................................................................
समुह सदस्य संख्याः
व्राम्हण/क्षेत्रीः ................. म ...................पू जनजातिः ................. म ...................पू
दलितः ................. म ...................पू कुल जम्माः ................. म ...................पू
नियमित वैठक वस्ने दिनः ............................
प्रति महिना समुहको हितकोष संकलन हुने रकमः ...........................
हालसम्म हितकोषमा जम्मा रकम रुः ...........................

............................
अध्यक्ष
(तदर्थ कार्य समिति)

**......................आमा समुह दर्ताका लागि निवेदकहरुको नामावली**

| क्र.स. | नम | पद | ठेगाना | उमेर | सम्पर्क नं. | शैक्षिक योग्यता | दस्तखत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

**अनुसूची- २**
**दफा ५ को उपदफा (१) सँग सम्वन्धित**
**समुह दर्ता प्रमाण पत्रको ढाँचा**
**पैयूँ गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**हुवास, पर्वत**

समुह दर्ता नंः ...............

<u>समुह दर्ता प्रमाण पत्र</u>

समुहगत कार्यलाई सुव्यवस्थित गर्दै ........................... (विषयगत क्षेत्र) क्षेत्रमा टेवा पुऱ्याउने उद्देश्यले दार्मा गाउँपालिका वडा नं ............. मा मिति ............................ मा गठित श्री ................................... यस कार्यालयको अभिलेखमा दर्ता गरी यो प्रमाण पत्र प्रदान गरिएको छ ।

समुह सुदृढीकरण भई सहजीकण तर्फ उन्मुख हुनेछ भन्ने अपेक्षा गरिएको छ ।

........................
प्रमुख प्रशासकीय अधिकृत

आज्ञाले,
ई.राजिव रिमाल
प्रमुख प्रशासकीय अधिकृत